कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायन
दर्ता नं: ८३/०८२
दर्ता मिति: २०८२/१२/१२
निर्देशिका

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं

# बीमकको लगानी सम्बन्धी निर्देशन, २०८२

स्वीकृत मिति-२०८२/०५/१७

नेपाल बीमा प्राधिकरणबाट जीवन, निर्जीवन लघु र पुनर्बीमा कम्पनीको वित्तीय श्रोतको लगानीको सम्बन्धमा बीमा ऐन,२०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ।

१. **उद्देश्यः** बीमकको लगानी सम्वन्धी निर्देशनका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:-

(क)बीमकलाई सुरक्षित क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने,

(ख)बीमकको लगानी विविधिकरण हुने गरी विभिन्न क्षेत्रमा लगानी गर्न सक्ने व्यवस्था गर्ने,

(ग)बीमकको तरलता तथा सम्पत्ति र दायित्वको अवधि मिल्ने गरी लगानी व्यवस्थापन गर्ने, र

(घ)बीमकको लगानी सम्वन्धी आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने।

२. **लगानी नीति स्वीकृत गर्नु पर्ने:** (१) बीमकले यस निर्देशनको अधिनमा रही लगानी नीति सञ्चालक समितिबाट स्वीकृत गराएर लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको नीतिमा देहायका विषय खुलाइएको हुनुपर्नेछः-

(क) बीमकको लगानीमा रहन सक्ने अन्तर्निहित जोखिम र सोको व्यवस्थापन,

(ख) सम्पत्ति दायित्व तथा तरलता व्यवस्थापन,

(ग) लगानी गर्ने सम्बन्धी प्रक्रियागत व्यवस्था,

(घ) लगानी गर्ने विषयको अख्तियार प्रत्यायोजन सम्बन्धी विषय,

(ङ) लगानीसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणाली,

(च) लगानीका सम्बन्धमा सञ्चालक समिति तथा उच्च व्यवस्थापन समक्ष पेश गर्नुपर्ने प्रतिवेदन,

(छ) बीमकले आवश्यक ठानेका अन्य विषय।

३. **सरकारी सुरक्षणपत्र र नेपाल राष्ट्र बैंक ऋणपत्र सम्बन्धी व्यवस्थाः** बीमकलाई सरकारी सुरक्षणपत्र र नेपाल राष्ट्र बैंक ऋणपत्रमा लगानी गर्न कुनै प्रकारको बन्देज र सीमा लागू हुने छैन।

४. **लगानीको क्षेत्र र सीमा:**(१) बीमकको लगानीको क्षेत्र, सीमा र शर्त देहाय बमोजिम हुनेछः-

(क)जीवन बीमा व्यवसाय गर्ने बीमकले लगानी गर्नुपर्ने लगानीको क्षेत्र, सीमा र शर्त अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

(ख)निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले लगानी गर्नुपर्ने लगानीको क्षेत्र, सीमा र शर्त अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

(ग)पुनर्बीमा व्यवसाय गर्ने बीमकले लगानी गर्नुपर्ने लगानीको क्षेत्र, सीमा र शर्त अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।



नेपाल बीमा प्राधिकरण

(घ) लघु जीवन बीमा व्यवसाय गर्ने बीमकले लगानी गर्नुपर्ने लगानीको क्षेत्र, सीमा र शर्त अनुसूची-मा उल्लेख भए बमोजिम हुनेछ ।

(ङ) लघु निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले लगानी गर्नुपर्ने लगानीको क्षेत्र, सीमा र शर्त अनुसूची ५ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) बीमकले गर्ने लगानीको खरिद मुल्य, खरिद प्रकृया, प्रचलित कानुन पालना भएको विषय र लगानी पश्चात हुने परिणामका सम्वन्धमा बीमकको संचालक समिति, उच्च व्यवस्थापन, कार्यकारी प्रमुख र लगानी व्यवस्थापन इकाईको प्रमुख जिम्मेवार हुनेछ ।

(३) बीमा ऐन, २०७९ बमोजिम प्राधिकरणको स्वीकृति लिनु पर्नेमा बाहेक बीमकले यस निर्देशनमा उल्लिखित लगानीको सीमा र शर्तको अधिनमा रही लगानी गर्दा प्राधिकरणको स्वीकृति लिनु पर्नेछैन ।

५. <u>लगानी गर्न नपाइने:</u> बीमकले दफा ४ मा तोकिएको क्षेत्र भन्दा फरक हुने गरी लगानी गर्न पाइनेछैन।

६. <u>सहायक कम्पनीमा लगानी:</u> (१) जीवन, निर्जीवन तथा पुनर्बीमा व्यवसाय गर्ने बीमकले प्राधिकरणको पूर्व स्वीकृति लिई देहाय बमोजिमका क्षेत्रहरूमा व्यवसाय गर्नका लागि सहायक कम्पनीमा लगानी गर्न सक्नेछ:-

(क) धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त पब्लिक कम्पनी,

(ख) कृषि उत्पादन, भण्डारण तथा वितरण,

(ग) भण्डारण गृह तथा शीत भण्डार गृह,

(घ) उर्जा उत्पादन, प्रसारण र वितरण,

(ङ) शिक्षा र स्वास्थ्य,

(च) लगानी कम्पनी ।

(२) बीमकले उपदफा (१) को खण्ड (क) मा उल्लिखित क्षेत्रमा कुल लगानीको बढीमा पाँच प्रतिशत रकम सम्म सहायक कम्पनीमा लगानी गर्न सक्नेछ।

(३) बीमकले सहायक कम्पनीमा गरेको लगानी रकमलाई यस निर्देशन बमोजिमको क्षेत्रगत लगानीको सीमा गणना गर्दा समावेश गर्नुपर्नेछ ।

(४) सहायक कम्पनीमा लगानी गर्ने बीमकले देहाय बमोजिमको व्यवस्था पालना गर्नुपर्नेछ:-

(क) प्राधिकरणले तोकेको न्युनतम चुक्ता पुंजी कायम भएको,

(ख) प्राधिकरणले तोकेको न्युनतम जोखिममा आधारित पुंजी तथा सोल्भेन्सी मार्जिन (१३० प्रतिशत) कायम गरेको,

(ग) बीमक पछिल्लो तीन वर्ष देखि नाफामा रहेको तथा लगानी गर्नुपूर्व संचित नोक्सानीमा नरहेको,

(घ) बीमकको नेटवर्थ धनात्मक रहेको,

(ङ) बीमकको संचालक सामितिका अध्यक्ष वा सदस्य वा निजका एकाघरपरिवारका सदस्य सहायक कम्पनीको सञ्चालक समितिको अध्यक्ष वा सदस्य वा व्यवस्थापकीय जिम्मेवारीमा नरहेको।

७. **स्वीकृति सम्वन्धी व्यवस्था:** (१) बीमक आफैले संस्थापना गर्ने सहायक कम्पनीमा लगानी गर्नुपूर्व देहाय बमोजिमको कागजात सहित प्राधिकरणमा सैद्धान्तिक स्वीकृतिका लागि निवेदन दिनु पर्नेछः-

(क) लगानी गर्ने सम्वन्धमा बीमकको संचालक समितिको निर्णयको प्रतिलिपि,

(ख) कम्पनीको प्रस्तावित प्रवन्धपत्र र नियमावली,

(ग) कम्पनी स्थापना सम्वन्धमा कुनै समझदारीपत्र भएको भए त्यस्तो समझदारीपत्र,

(घ) प्रचलित कानून बमोजिम नियमन हुने व्यवसाय वा कारोबार सञ्चालन गर्ने कम्पनीमा लगानी हुने भएमा त्यस्तो संस्थाको नियमनकारी निकायबाट दिएको सहमतिपत्र वा अनुमतिपत्र,

(ङ) लगानी गर्न लागेको कम्पनीको कम्तिमा दश वर्षको व्यवसायिक योजना सहितको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन,

(च) लगानी गर्दा बीमा ऐन, २०७९ को दफा ६७ र दफा ६९ को उपदफा (१) को खण्ड (ज) को पालना हुने प्रमाण,

(छ) सहायक कम्पनीमा लगानी गरे पश्चात बीमित तथा साहुको दायित्व भुक्तानी गर्न बीमक सक्षम रहेको तथा बीमकले तरलता व्यवस्थापन गर्न सक्ने प्रमाण,

(ज) लगानी पश्चात बीमकको सोल्भेन्सी मार्जिन अनुपात कायम रहने सम्वन्धमा गरेको विश्लेषण ।

(२) बीमकले संचालनमा रहेको दफा ६ बमोजिमको कुनै कम्पनीको बहुमत स्वामित्व खरिद गर्नु अघि उपदफा (१) मा उल्लिखित कागजात तथा विवरणका अतिरिक्त खरिद गर्न लागेको कम्पनीको प्रति शेयर मुल्य गणना गरेको विस्तृत लेखा परीक्षण प्रतिवेदन निवेदन साथ पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त निवेदन तथा कागजातको अध्ययन गरी प्राधिकरणले बीमकलाई शर्तहरू तोकी लगानी गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) बीमकले उपदफा (३) बमोजिम सैद्धान्तिक स्वीकृति प्राप्त गरेको दुई महिना भित्र स्रोतको सुनिश्चितता गरी सहायक कम्पनीमा लगानी गर्न अन्तिम स्वीकृतिका लागि निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (१) र (४) मा उल्लिखित कागजात सहित निवेदन दिएको पन्ध्र दिन भित्रमा प्राधिकरणले आवश्यक निर्णय गर्नेछ।

(६) उपदफा (४) बमोजिम अन्तिम स्वीकृति प्राप्त गरेको मितिले एक महिना भित्र बीमकले लगानी गरी सक्नुपर्नेछ।



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

८. <u>सहायक कम्पनीले गर्न नहुने:</u> (१) सहायक कम्पनीले निष्कासन गर्ने कुनै पनि सुरक्षणपत्रहरू तथ उपकरणमा बीमकले लगानी गर्न पाउने छैन।

(२) बीमकले जारी गर्ने शेयर तथा अन्य उपकरणमा सहायक कम्पनीले लगानी गर्न पाउने छैन।

९. <u>नियमन तथा निरीक्षण गर्न सक्ने:</u> प्राधिकरणले बीमकको लगानीको उपयोग सम्वन्धमा आवश्यकता अनुसार सहायक कम्पनीको निरीक्षण तथा अनुगमन गर्न सक्नेछ ।

१०. <u>विवरण माग गर्न सक्ने:</u> (१) प्राधिकरणले बीमकको सहायक कम्पनीबाट आवश्यकता अनुसार तथ्याङ्क विवरण तथा कागजात माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग भएका तथ्याङ्क, विवरण तथा कागजात पेश गर्नु बीमक तथ सहायक कम्पनी दुवैको दायित्व हुनेछ।

११. <u>लगानीको मूल्याङ्कन:</u> घरजग्गा व्यवसायमा रहेको लगानीलाई बीमकले कम्तीमा प्रत्येक तीन वर्षमा एकपटक मूल्याङ्कन गर्नुपर्नेछ।

१२. <u>लगानीको सीमा कायम गर्नुपर्ने:</u> (१) बीमकले यस निर्देशन अनुरूप कुल लगानीको आधारमा कायम गर्नुपर्ने लगानीको सीमा प्रत्येक दिन कायम गर्नुपर्नेछ ।

(२) कुनै कारणले मूल्य घटबढ भई वा प्रिएम्टिभ राइट वा गाभ्ने तथा गाभिने प्रक्रियाका कारणले सम्पतिको मूल्यले यस निर्देशनमा उल्लेख भएको न्यूनतम भन्दा कम र उच्चतम भन्दा बढी लगानी भएको देखिन आएमा त्यसरी सीमा नाघेको तीस कार्यदिन भित्र त्यस्तो लगानीलाई सीमाभित्र ल्याई सक्नु पर्नेछ ।

तर, मुद्दति निक्षेप वा डिवेन्चरमा गरिएको लगानी परिपक्व नभएसम्म सो रकम बराबरको लगानी यस निर्देशन बमोजिम भएको मानिनेछ।

१३. <u>बैंक वा वित्तीय संस्थामा लगानी सम्बन्धी व्यवस्था:</u> बीमकले बैंक तथा वित्तीय संस्थामा लगानी गर्दा कम्तीमा देहायको शर्त पालना गर्नु पर्दछ।

(क) नेपाल राष्ट्र बैंकले तोकेको पूँजीकोष कायम गरेको,

(ख) नेपाल राष्ट्र बैंकबाट शीघ्र सुधारात्मक कारबाहीमा नपरेको।

१४. <u>लगानी व्यवस्थापन इकाई गठन गर्नुपर्ने:</u> (१) बीमकले लगानी व्यवस्थापन गर्न लगानी सम्बन्धी कार्यको अनुभव भएको उच्च व्यवस्थापन तहको कर्मचारीको मातहतमा रहने गरी एक लगानी व्यवस्थापन इकाई स्थापना गर्नुपर्नेछ।

(२) लगानी व्यवस्थापन इकाईमा बीमकले आवश्यक कर्मचारीको व्यवस्थापन गर्नुपर्नेछ।

(३) लगानी व्यवस्थापन इकाई प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) बीमकले लगानी गर्नुपूर्व बीमा ऐन, २०७९, बीमा नियमावली, २०८१, प्राधिकरणबाट जारी भएको बीमकको लगानी सम्वन्धी निर्देशन तथा बीमकको लगानी नीति पालना भएको यकिन गर्ने,

(ख) बीमकले लगानी गर्नुपूर्व उक्त लगानी सुरक्षित भए नभएको यकिन गर्ने,

(ग) बीमकको लगानी सम्वन्धमा रिस्क एपिटाइट, रिस्क टोलोरेन्स तथा रिस्क क्यापासिटीको सीमा उपयुक्त भए नभएको सम्वन्धमा राय दिने,

(घ) बीमकलाई लगानी सम्वन्धी निर्णय गर्न आवश्यक कागजात तथा विवरण तयार गर्ने,

(ङ) बीमकको लगानी सम्वन्धमा बाह्य स्वतन्त्र परामर्शदाताबाट प्राप्त प्रतिवेदन अध्ययन गरी सोमा समावेश भएका विषयहरू ठीक, दुरूस्त र यथार्थपरक रहेको यकिन गर्ने,

(च) बीमकलाई प्राप्त भएका लगानीको अध्ययन विश्लेषण गरी लगानीको प्रतिफल तथा जोखिम सम्वन्धमा प्रतिवेदन तयार गर्ने,

(छ) बीमकको लगानीको निर्णयको लागि प्रस्ताव तयार गर्ने,

(ज) बीमकको तरलता व्यवस्थापन हुने गरी लगानी भएको यकिन गर्ने,

(झ) बीमकले लगानी गर्नुपूर्व सोल्भेन्सी तथा जोखिममा आधारित पुँजी कायम हुने यकिन गर्ने,

(ञ) बीमकको लगानी विविधिकरण भएको यकिन गर्ने,

(ट) बीमकले लगानी गरेका परियोजनाको त्रैमासिक प्रगति प्रतिवेदन तयार गर्ने र सो को संचालक समितिबाट प्रमाणित एक प्रति प्राधिकरणमा पेश गर्ने,

(ठ) उच्च व्यवस्थापन, लगानी हेर्ने उपसमिति तथा संचालक समितिलाई लगानी सम्वन्धमा राय पेश गर्ने,

१५.<u>लगानीको अवधिः</u> (१) बीमकले लगानी गर्दा बीमा सम्बन्धी दायित्वको अवधिलाई ख्याल गरी लगानी गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्जीवन तथा लघु निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको हकमा भुक्तानी गर्न बाँकी दाबी बराबरको रकम एक वर्ष वा सो भन्दा कम अवधिको मुद्दति निक्षेपमा लगानी रहेको हुनुपर्नेछ।

१६.<u>जीवन बीमकको लगानी व्यवस्थापनः</u> (१) जीवन बीमा व्यवसाय तथा लघुजीवन बीमा व्यवसाय गर्ने बीमकले आफ्नो प्रत्येक पोर्टफोलियोको जीवन बीमा कोष, उक्त पोर्टफोलियो अन्तर्गत प्राप्त प्रिमियम लगायतका अन्य आम्दानीबाट प्राप्त रकमको लगानी तथा सम्पत्तिको अलग अलग व्यवस्थापन गर्नुपर्नेछ।

(२) बीमकले प्रत्येक पोर्टफोलियो तथा शेयरधनीकोषबाट हुने लगानी तथा खरिद भएका सम्पत्तिको लेखाङ्कन अलग अलग गर्नुपर्नेछ ।

(३) बीमकले एक भन्दा बढी पोर्टफोलियोबाट एकै सम्पत्ति खरिद गरेको वा लगानी गरेको अवस्थामा प्रत्येक पोर्टफोलियोबाट भएको खरिद रकम वा लगानी रकम खुल्ने गरी सम्पत्ति वा लगानीको हिसाबकिताब राख्नुपर्नेछ।

१७.**एअरमार्क गर्नुपर्ने:** बीमकले आफ्नो कोषमा रहेको रकमहरूमध्ये नेपाल राष्ट्र बैंकबाट इजाजत पत्रप्रा. बैंक तथा वित्तीय संस्था र पूर्वाधार विकास बैंकको मुद्दति निक्षेपमा लगानी गरेको रकम प्राधिकरणको नाममा एअरमार्क गर्नुपर्नेछ ।

१८.**लगानीको विवरण पेश गर्नुपर्ने:** बीमकले प्रत्येक त्रैमास समाप्त भएको सात दिन भित्र लगानीको विवरण IRMIS पोर्टलमा मार्फत प्राधिकरणमा पेश गर्नुपर्नेछ ।

१९.**व्याख्या गर्ने अधिकार:** यस निर्देशनको प्रयोगमा कुनै द्विविधा भएमा सो को व्याख्या गर्ने अधिकार प्राधिकरणलाई हुनेछ ।

२०.**खारेजी:** (१) प्राधिकरणबाट मिति २०७९।०८।२० मा जारी भएको निर्देशनहरू जीवनबीमा/०१ निर्जीवन बीमा/०१, पुनर्बीमा/०१, लघुजीवन बीमा/०१ र लघुनिर्जीवन बीमा/०१, मिति २०८०/०९/०५ मा जारी जीवन, निर्जीवन, पुनर्बीमा, लघुजीवन बीमा र लघुनिर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरूको लगानी निर्देशनहरू तथा मिति २०८१/१२/०६ को ने.बी.प्रा. १३९ (२०८१/०८२) च.नं. ४५३९ बाट जारी गरिएको परिपत्र खारेज गरिएको छ।

अनुसूची-१

**जीवन बीमा व्यवसाय गर्ने बीमकको लगानीका क्षेत्र, सीमा र शर्त**

| क्र.सं. | लगानीको क्षेत्र | लगानीको सीमा | लगानीको शर्त | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको वचतपत्र वा ऋणपत्र | कुल लगानीको कम्तीमा पैतीस प्रतिशत | - | यस खण्डमा उल्लेख भएको सीमा अनुरूप लगानी गर्न नसक्ने अवस्था आइपरेमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक वा पूर्वाधार विकास बैंकको मुद्दति निक्षेपमा लगानी गर्नुपर्ने । |
| २. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक तथा पूर्वाधार विकास बैंकको मुद्दति निक्षेप | कुल लगानीको कम्तीमा तीस प्रतिशत | कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको बैंकमा कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म ।<br>तर, सञ्चालनमा आएको पाँच वर्ष नपुगेका बैंकमा कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म मात्र एउटै बैंकमा लगानी गर्न सकिने । | |
| ३. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको बैङ्क तथा वित्तीय संस्थामा राखिएको मुद्दति निक्षेप | कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म | कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ख" वर्गको बैङ्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा पाँच | |



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिशतसम्म र सञ्चालनमा आएको पाँच वर्ष नपुगेका "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय सँस्थामा लगानी गर्न सकिने। | |
| ४. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ग" वर्गको बैंक तथा वित्तीय सस्थामा राखिएको मुद्दती निक्षेप | कुल लगानीको बढीमा सात प्रतिशत सम्म | कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ग" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म र सञ्चालनमा आएको पाँच वर्ष नपुगेका "ग" वर्गको बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा एक प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय सँस्थामा लगानी गर्न सकिने । | |
| ५. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गको बैंक तथा वित्तीय संस्थाको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), बन्ड, डिबेन्चर र ऋणपत्र | कुल लगानीको बढीमा तीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ६. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको बन्ड, डिबेन्चर र ऋणपत् तथा सरकारको | कुल लगानीको बढीमा बीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| | | | | |
|---|---|---|---|---|
| | अधिकांश स्वामित्व रहेका संगठित संस्थाबाट जारी हुने बन्ड, डिवेन्चर र ऋणपत्र | | | |
| ७. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनी वा अन्य सूचिकृत संस्थाको संस्थापक वा साधारण शेयर | कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म | शेयर लगानी गरिने कम्पनीको चुक्ता पूँजीको पन्ध्र प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ८. | नागरिक लगानी कोष तथा म्युचुअल फण्डका लगानी योजनाहरू | कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म | एउटै योजनामा कुल लगानी रकमको दुई प्रतिशत भन्दा बढी लगानी गर्न नपाइने । | |
| ९. | घरजग्गा ब्यवसाय | कुल लगानीको बढीमा दश प्रतिशत सम्म | • एउटै क्षतिले एक लगानी गरिएको बाहेक अर्कोलाई असर पार्ने वा एउटै इकाइको रुपमा मानिने गरी नजिकै रहेका (क्लोज प्रोक्सिमिटी) घरजग्गामा लगानीको दुई दशमलव पाँच प्रतिशत भन्दा बढी लगानी गर्न नपाईने,<br>• स्थानीय तह, मालपोत कार्यालय र स्वतन्त्र मूल्याङ्कनकर्ताले गरेको मूल्याङ्कनलाई आधार मानी घरजग्गा खरिद गर्नुपर्नेछ । | |



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| | | | | |
|---|---|---|---|---|
| १०. | कृषि उत्पादन, भण्डारण तथा वितरण, भण्डारण गृह तथा शीत भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा, लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत प्रसारण लाइन, शिक्षा र स्वास्थ्य क्षेत्र | कुल लगानीको दश प्रतिशत सम्म | • एउटै परियोजनामा कुल लगानी रकमको पाँच प्रतिशत भन्दा बढी लगानी गर्न नपाइने ।<br>• दोस्रो बजारबाट खरीद गरेको पुँजी यस क्षेत्रमा गरिएको लगानीमा उल्लेख गर्न नपाइने।<br>• लगानी गरिने कम्पनी पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने ।<br>• लगानी गर्नुपूर्व अनिवार्य रूपमा बाह्य परामर्शदाताबाट विस्तृत लेखापरीक्षण तथा सम्भाव्यता अध्ययन भएको हुनुपर्ने । | |
| ११. | इन्भेष्टमेन्ट कम्पनीको शेयर | कुल लगानीको पाँच प्रतिशत सम्म | • लगानी गरिने कम्पनी पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने ।<br>• लगानी गर्नुपूर्व अनिवार्य रूपमा बाह्य परामर्शदाताबाट विस्तृत लेखापरीक्षण तथा सम्भाव्यता अध्ययन भएको हुनुपर्ने । | |
| १२. | विशिष्टीकृत लगानी कोष नियमावली बमोजिम धितोपत्र बोर्डबाट व्यवसाय गर्न स्वीकृति प्राप्त प्राइभेट इक्वीटी फण्ड र भेन्चर क्यापिटल फण्ड | कुल लगानीको बढीमा एक दशमलव पाँच प्रतिशत | एकै फण्डमा कुल लगानीको बढीमा एक प्रतिशत सम्म लगानी गर्न सकिने । | |

## अनुसूची २

### निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको लगानीका क्षेत्र, सीमा र शर्त

| क.सं. | लगानीको क्षेत्र | लगानीको सीमा | लगानीको शर्त | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको वचतपत्र वा ऋणपत्र | कुल लगानीको कम्तीमा तीस प्रतिशत | - | यस खण्डमा उल्लेख भएको सीमा अनुरूप लगानी गर्न नसक्ने अवस्था आइपरेमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक वा पूर्वधार विकास बैंकको मुद्दति निक्षेपमा लगानी गर्नुपर्ने । |
| २. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक तथा पूर्वाधार विकास बैंकको मुद्दति निक्षेप | कुल लगानीको कम्तीमा तीस प्रतिशत | कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको बैंकमा कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म ।<br>तर, सञ्चालनमा आएको पाँच वर्ष नपुगेका बैंकमा कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म मात्र एउटै बैंकमा लगानी गर्न सकिने । | |
| ३. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको बैङ्क तथा वित्तीय संस्थामा राखिएको | कुल लगानीको बढीमा पन्ध्र | कम्तीमा पाँच बर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई | |



नेपाल बीमा प्राधिकरण ... RANCE AUTHORITY

| | | | | |
|---|---|---|---|---|
| | मुद्दति निक्षेप | प्रतिशत सम्म | कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा पाँच प्रतिशतसम्म र सञ्चालनमा आएको पाँच वर्ष नपुगेका "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय संस्थामा लगानी गर्न सकिने । | |
| ४. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ग" वर्गको बैंक तथा वित्तीय संस्थामा राखिएको मुद्दती निक्षेप | कुल लगानीको बढीमा सात प्रतिशत सम्म | कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ग" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म र सञ्चालनमा आएको पाँच वर्ष नपुगेका "ग" वर्गका बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा एक प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय संस्थामा लगानी गर्न सकिने । | |
| ५. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गको बैंक तथा वित्तीय संस्थाको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), बन्ड, डिबेन्चर र ऋणपत्र | कुल लगानीको बढीमा बीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ६. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको बन्ड, डिवेन्चर र ऋणपत् तथा सरकारको अधिकांश स्वामित्व | कुल लगानीको बढीमा बीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |

| | | | | |
|---|---|---|---|---|
| | रहेका संगठित संस्थाबाट जारी हुने बन्ड, डिवेन्चर र ऋणपत्र | | | |
| ७. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनी वा अन्य सूचिकृत संस्थाको संस्थापक वा साधारण शेयर | कुल लगानीको बढीमा दश प्रतिशत सम्म | शेयर लगानी गरिने कम्पनीको चुक्ता पूँजीको पन्ध्र प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ८. | नागरिक लगानी कोष तथा म्युचुअल फण्डका लगानी योजनाहरू | कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म | एउटै योजनामा कुल लगानी रकमको दुई प्रतिशत भन्दा बढी लगानी गर्न नपाइने । | |
| ९. | घरजग्गा ब्यवसाय | कुल लगानीको बढीमा दश प्रतिशत सम्म | • एउटै क्षतिले एक लगानी गरिएको बाहेक अर्कोलाई असर पार्ने वा एउटै इकाइको रुपमा मानिने गरी नजिकै रहेका (क्लोज प्रोक्सिमिटी) घरजग्गामा लगानीको दुई दशमलव पाँच प्रतिशत भन्दा बढी लगानी गर्न नपाईने,<br>• स्थानीय तह, मालपोत कार्यालय र स्वतन्त्र मूल्याङ्कनकर्ताले गरेको मूल्याङ्कनलाई आधार मानी घरजग्गा खरिद गर्नुपर्नेछ । | |
| १०. | कृषि उत्पादन, भण्डारण तथा वितरण, भण्डारण गृह तथा शीत भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा, लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, | कुल लगानीको दश प्रतिशत सम्म | • एउटै परियोजनामा कुल लगानी रकमको पाँच प्रतिशत भन्दा बढी लगानी गर्न नपाइने ।<br>• दोस्रो बजारबाट खरीद गरेको पुँजी यस क्षेत्रमा गरिएको लगानीमा उल्लेख गर्न नपाइने। | |

| | | | | |
|---|---|---|---|---|
| | सडक, विद्युत प्रसारण लाइन, शिक्षा र स्वास्थ्य क्षेत्र | | • लगानी गरिने कम्पनी पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने ।<br>• लगानी गर्नुपूर्व अनिवार्य रूपमा बाह्य परामर्शदाताबाट विस्तृत लेखापरीक्षण तथा सम्भाव्यता अध्ययन भएको हुनुपर्ने । | |
| ११. | इन्भेष्टमेन्ट कम्पनीको शेयर | कुल लगानीको सात प्रतिशत सम्म | • लगानी गरिने कम्पनी पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने ।<br>• लगानी गर्नुपूर्व अनिवार्य रूपमा बाह्य परामर्शदाताबाट विस्तृत लेखापरीक्षण तथा सम्भाव्यता अध्ययन भएको हुनुपर्ने । | |
| १२. | विशिष्टीकृत लगानी कोष नियमावली बमोजिम धितोपत्र बोर्डबाट व्यवसाय गर्न स्वीकृति प्राप्त प्राइभेट इक्वीटी फण्ड र भेन्चर क्यापिटल फण्ड | कुल लगानीको बढीमा एक दशमलव पाँच प्रतिशत | एकै फण्डमा कुल लगानीको बढीमा एक प्रतिशत सम्म लगानी गर्न सकिने । | |

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

## अनुसूची-३

### पुनर्बीमा व्यवसाय गर्ने बीमकको लगानीका क्षेत्र, सीमा र शर्त

| क्र.सं. | लगानीको क्षेत्र | लगानीको सीमा | लगानीको शर्त | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको वचतपत्र वा ऋणपत्र | कुल लगानीको कम्तीमा तीस प्रतिशत | | यस खण्डमा उल्लेख भएको सीमा अनुरूप लगानी गर्न नसक्ने अवस्था आइपरेमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक वा पूर्वधार विकास बैंकको मुद्दति निक्षेपमा लगानी गर्नुपर्ने । |
| २. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक तथा पूर्वाधार विकास बैंकको मुद्दति निक्षेप | कुल लगानीको कम्तीमा तीस प्रतिशत | कम्तीमा पाँच बर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको बैंकमा कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म ।<br>तर, सञ्चालनमा आएको पाँच वर्ष नपुगेका बैंकमा कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म मात्र एउटै बैंकमा लगानी गर्न सकिने। | |
| ३. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा राखिएको मुद्दति निक्षेप | कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म | कम्तीमा पाँच बर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा पाँच प्रतिशतसम्म र सञ्चालनमा आएको पाँच वर्ष | |



नेपाल बीमा प्राधिकरण ★ NEPAL INSURANCE AUTHORITY ★

| | | | | |
|---|---|---|---|---|
| | | | नपुगेका "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय सँस्थामा लगानी गर्न सकिने । | |
| ४. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ग" वर्गको बैंक तथा वित्तीय सस्थामा राखिएको मुद्दती निक्षेप | कुल लगानीको बढीमा सात प्रतिशत सम्म | कम्तीमा पाँच बर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ग" वर्गको बैंङ्क तथा वित्तीय संस्थामामा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म र सञ्चालनमा आएको पाँचवर्ष नपुगेका "ग" वर्गको बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा एक प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय सस्थामा लगानी गर्न सकिने । | |
| ५. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गको बैंक तथा वित्तीय सँस्थाको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), बन्ड, डिबेन्चर र ऋणपत्र | कुल लगानीको बढीमा बीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ६. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको बन्ड, डिवेन्चर र ऋणपत् तथा सरकारको अधिकांश | कुल लगानीको बढीमा बीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |

| | | | | |
|---|---|---|---|---|
| | स्वामित्व रहेका संगठित संस्थाबाट जारी हुने बन्ड, डिवेन्चर र ऋणपत्र | | | |
| ७. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनी वा अन्य सूचिकृत संस्थाको संस्थापक वा साधारण शेयर | कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म | शेयर लगानी गरिने कम्पनीको चुक्ता पूँजीको पन्ध्र प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ८. | नागरिक लगानी कोष तथा म्युचुअल फण्डका लगानी योजनाहरू | कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म | एउटै योजनामा कुल लगानी रकमको दुई प्रतिशत भन्दा बढी लगानी गर्न नपाइने । | |
| ९. | घरजग्गा ब्यवसाय | कुल लगानीको बढीमा दश प्रतिशत सम्म | • एउटै क्षतिले एक लगानी गरिएको बाहेक अर्कोलाई असर पार्ने वा एउटै इकाइको रुपमा मानिने गरी नजिकै रहेका (क्लोज प्रोक्सिमिटी) घरजग्गामा लगानीको दुई दशमलव पाँच प्रतिशत भन्दा बढी लगानी गर्न नपाईने,<br>• स्थानीय तह, मालपोत कार्यालय र स्वतन्त्र मूल्याङ्कनकर्ताले गरेको मूल्याङ्कनलाई आधार मानी घरजग्गा खरिद गर्नुपर्नेछ । | |
| १०. | कृषि उत्पादन, भण्डारण तथा वितरण, भण्डारण गृह तथा शीत | कुल लगानीको दश प्रतिशत सम्म | • एउटै परियोजनामा कुल लगानी रकमको पाँच प्रतिशत भन्दा बढी लगानी गर्न नपाइने ।<br>• दोस्रो बजारबाट खरीद गरेको पुंजी यस क्षेत्रमा | |

| | | | | |
|---|---|---|---|---|
| | भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा, लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत प्रसारण लाइन, शिक्षा र स्वास्थ्य क्षेत्र | | गरिएको लगानीमा उल्लेख गर्न नपाइने।<br>• लगानी गरिने कम्पनी पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने ।<br>• लगानी गर्नुपूर्व अनिवार्य रूपमा बाह्य परामर्शदाताबाट विस्तृत लेखापरीक्षण तथा सम्भाव्यता अध्ययन भएको हुनुपर्ने । | |
| ११. | इन्भेष्टमेन्ट कम्पनीको शेयर | कुल लगानीको पाँच प्रतिशत सम्म | • लगानी गरिने कम्पनी पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने ।<br>• लगानी गर्नुपूर्व अनिवार्य रूपमा बाह्य परामर्शदाताबाट विस्तृत लेखापरीक्षण तथा सम्भाव्यता अध्ययन भएको हुनुपर्ने । | |
| १२. | विशिष्टीकृत लगानी कोष नियमावली बमोजिम धितोपत्र बोर्डबाट व्यवसाय गर्न स्वीकृति प्राप्त प्राइभेट इक्वीटी फण्ड र भेन्चर क्यापिटल फण्ड | कुल लगानीको बढीमा एक दशमलव पाँच प्रतिशत | एकै फण्डमा कुल लगानीको बढीमा एक प्रतिशत सम्म लगानी गर्न सकिने । | |

अनुसूची-४

लघु जीवनबीमा व्यवसाय गर्ने बीमकको लगानीका क्षेत्र, सीमा र शर्त

| क्र.सं. | लगानीको क्षेत्र | लगानीको सीमा | लगानीको शर्त | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको वचतपत्र वा ऋणपत्र | कुल लगानीको कम्तीमा पैतीस प्रतिशत | - | यस खण्डमा उल्लेख भएको सीमा अनुरूप लगानी गर्न नसक्ने अवस्था आइपरेमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक वा पूर्वधार विकास बैंकको मुद्दति निक्षेपमा लगानी गर्नुपर्ने । |
| २. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक तथा पूर्वाधार विकास बैंकको मुद्दति निक्षेप | कुल लगानीको कम्तीमा पैतीस प्रतिशत | कम्तीमा पाँच बर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको बैंकमा कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म । तर, सञ्चालनमा आएको पाँच वर्ष नपुगेका बैंकमा कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म मात्र एउटै बैंकमा लगानी गर्न सकिने । | |
| ३. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा राखिएको मुद्दति निक्षेप | कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म | कम्तीमा पाँच बर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा पाँच प्रतिशतसम्म र सञ्चालनमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | आएको पाँच वर्ष नपुगेका "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय सँस्थामा लगानी गर्न सकिने । | |
| ४. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ग" वर्गको बैंक तथा वित्तीय सस्थामा राखिएको मुद्दती निक्षेप | कुल लगानीको बढीमा सात प्रतिशत सम्म | कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ग" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म र सञ्चालनमा आएको पाँच वर्ष नपुगेका "ग" वर्गको बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा एक प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय सँस्थामा लगानी गर्न सकिने । | |
| ५. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गको बैंक तथा वित्तीय सँस्थाको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), बन्ड, डिबेन्चर र ऋणपत्र | कुल लगानीको बढीमा तीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ६. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको बन्ड, डिबेन्चर र ऋणपत् तथा सरकारको अधिकांश स्वामित्व रहेका संगठित संस्थाबाट जारी हुने बन्ड, | कुल लगानीको बढीमा बीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| | | | | |
|---|---|---|---|---|
| | डिवेन्चर र ऋणपत्र | | | |
| ७. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनी वा अन्य सूचिकृत संस्थाको संस्थापक वा साधारण शेयर | कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म | शेयर लगानी गरिने कम्पनीको चुक्ता पूँजीको पन्ध्र प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ८. | नागरिक लगानी कोष तथा म्युचुअल फण्डका लगानी योजनाहरू | कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म | कुल लगानीको दुई प्रतिशत भन्दा बढी रकम एउटै योजनामा लगानी गर्न नपाइने । | |

## अनुसूची ५

### लघु निर्जीवन बीमक व्यवसाय गर्ने बीमकको लगानीका क्षेत्र, सीमा र शर्त

| क्र.सं. | लगानीको क्षेत्र | लगानीको सीमा | लगानीको शर्त | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको वचतपत्र वा ऋणपत्र | कुल लगानीको कम्तीमा तीस प्रतिशत | - | यस खण्डमा उल्लेख भएको सीमा अनुरूप लगानी गर्न नसक्ने अवस्था आइपरेमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक वा पूर्वधार विकास बैंकको मुद्दति निक्षेपमा लगानी गर्नुपर्ने । |
| २. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक तथा पूर्वाधार विकास बैंकको मुद्दति निक्षेप | कुल लगानीको कम्तीमा पैतीस प्रतिशत | कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको बैंकमा कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म । तर, सञ्चालनमा आएको पाँच वर्ष नपुगेका बैंकमा कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म मात्र एउटै बैंकमा लगानी गर्न सकिने । | |
| ३. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा राखिएको मुद्दति निक्षेप | कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म | कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा पाँच प्रतिशतसम्म र सञ्चालनमा आएको पाँच वर्ष नपुगेका "ख" | |

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| | | | | |
|---|---|---|---|---|
| | | | वर्गको बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय संस्थामा लगानी गर्न सकिने । | |
| ४. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ग" वर्गको बैंक तथा वित्तीय संस्थामा राखिएको मुद्दती निक्षेप | कुल लगानीको बढीमा सात प्रतिशत सम्म | कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ग" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म र सञ्चालनमा आएको पाँचवर्ष नपुगेका "ग" वर्गको बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा एक प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय संस्थामा लगानी गर्न सकिने । | |
| ५. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गको बैंक तथा वित्तीय संस्थाको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), बन्ड, डिबेन्चर र ऋणपत्र | कुल लगानीको बढीमा तीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ६. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको बन्ड, डिवेन्चर र ऋणपत् तथा | कुल लगानीको बढीमा बीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| | | | | |
|---|---|---|---|---|
| | सरकारको अधिकांश स्वामित्व रहेका संगठित संस्थाबाट जारी हुने बन्ड, डिवेन्चर र ऋणपत्र | | | |
| ७. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनी वा अन्य सूचिकृत संस्थाको संस्थापक वा साधारण शेयर | कुल लगानीको बढीमा दश प्रतिशत सम्म | शेयर लगानी गरिने कम्पनीको चुक्ता पूँजीको पन्ध्र प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ८. | नागरिक लगानी कोष तथा म्युचुअल फण्डका लगानी योजनाहरू | कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म | कुल लगानीको दुई प्रतिशत भन्दा बढी रकम एउटै योजनामा लगानी गर्न नपाइने । | |